प्रति शेयर रु.१००/- अंकित दरको ३२,८९,००० कित्ता हकप्रद शेयरको निष्कासन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्य क्षेत्र भएको)
कर्पोरेट कार्यालय, बिदुर न.पा.-४ बट्टार, नुवाकोट, नेपाल, फोनः ९७७-१०-५६१७४७
सम्पर्क कार्यालय, ज्वागल, कुपण्डोल, ललितपुर, फोनः ९७७-०१-५५२७५७९/५५२८१३६ फ्याक्सः ९७७-०१-५५२८१३६-११४
इमेल : meromicrofinance@gmail.com, वेभसाईटः www.meromicrofinance.com

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः
निष्कासन खुल्ला मितिः २०७५/११/१९ गते
निष्कासन बन्द हुने मितिः २०७५/१२/२४ गते
(बैंकिङ्ग समय पश्चात्)

१ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको

हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना

वित्तीय संस्थाको विद्यमान रु. ३२,८९,००,०००/- चुक्ता पूँजीमा १ शेयर बराबर १ (१ : १) शेयरको अनुपातमा रु.१००/- अंकित दरका ३२,८९,००० कित्ता हकप्रद साधारण शेयर मिति २०७५/१०/२३ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्कासन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्कासन सम्वन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७५/१०/१३ ।

१. कम्पनीको नाम : **मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड (Meromicrofinance Laghubitta Bittiya Sanstha Ltd.)** ।

२. संगठित संस्थाका रजिष्टर्ड कार्यालय : यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय नुवाकोट जिल्ला विदुर नगरपालिका वार्ड नं. ४, नेपालमा रहेको छ ।

३. कारोबार स्थान :

यस लघुवित्त वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार "घ" वर्गको राष्ट्रिय स्तरको खुद्रा कर्जा प्रदान गर्ने वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्ने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेको हो । हाल यस वित्तीय संस्थाको नुवाकोट जिल्ला विदुर नगरपालिका वार्ड नं. ४, नेपाल स्थित रजिष्टर्ड (कर्पोरेट) कार्यालय र विभिन्न भौगोलिक क्षेत्र समेटिने गरी तपसिल बमोजिमका शाखा कार्यालयहरूबाट समेत वित्तीय कारोवार गर्दै आईहेको छ । नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनको अधिनमा रहि आवश्यकता अनुसार भविष्यमा शाखा उपशाखा वा अन्य कार्यालय खोली देशका अन्य भागमा पनि वित्तीय कारोवार विस्तार गर्दै जाने लक्ष्य लिएको छ ।

तपसिल

क्र.सं.	शाखाको नाम र ठेगाना	क्र.सं.	शाखाको नाम र ठेगाना	क्र.सं.	शाखाको नाम र ठेगाना	क्र.सं.	शाखाको नाम र ठेगाना
१.	बट्टार शाखा, नुवाकोट	२३.	पथरी शाखा, मोरङ	४५.	उत्तरपानी शाखा, धनकुटा	६७.	राजापुर शाखा, बर्दिया
२	रातमाटे शाखा, नुवाकोट	२४.	बैजनाथपुर शाखा, मोरङ	४६.	टंकिसिनुवारी शाखा, मोरङ	६८.	मसुरीया शाखा, कैलाली
३.	सातबिसे शाखा, नुवाकोट	२५.	मधेसा शाखा, सुनसरी	४७.	लालगढ शाखा, धनुषा	६९.	कृष्णपुर शाखा, कञ्चनपुर
४.	रानीपौवा शाखा, नुवाकोट	२६.	डुमरीया शाखा, रौतहट	४८.	औरही शाखा, महोत्तरी	७०.	अमरगढी शाखा, डडेलधुरा
५.	मुरलीभञ्ज्याङ्ग शाखा, धादिङ्ग	२७.	रामपुर्वा शाखा, बारा	४९.	सोल्टीबजार शाखा, सर्लाही	७१.	बिरेन्द्रनगर शाखा, सुर्खेत
६.	भुमेस्थान शाखा, धादिङ्ग	२८.	छातापिपरा शाखा, बारा	५०.	भानु शाखा, तनहुँ	७२.	बाबियाचौर शाखा, सुर्खेत
७.	मंगलपुर शाखा, चितवन	२९.	अर्म्यौली शाखा, नवलपरासी	५१.	खैरेनीटार शाखा, तनहुँ	७३.	भुरीगाउँ शाखा, बर्दिया
८.	चैनपुर शाखा, चितवन	३०.	तिलकपुर, नवलपरासी	५२.	गोम्ली शाखा, दाङ	७४.	नरपानी शाखा, अर्घाखाँची
९.	बस्तीपुर शाखा, मकवानपुर	३१.	कालिकास्थान शाखा, रसुवा	५३.	कटहरिया शाखा, रौतहट	७५.	बोदेवसाईं शाखा, सप्तरी
१०.	रामगढवा शाखा, पर्सा	३२.	छोप्राक शाखा, गोरखा	५४.	मनहर्वा शाखा, बारा	७६.	कल्याणीदेवी शाखा, नुवाकोट
११.	चापागाउँ शाखा, ललितपुर	३३.	बिजयनगर शाखा, प्युठान	५५.	जितपुर शाखा, कपिलवस्तु	७७	पनौती शाखा, काभ्रे
१२.	कटुञ्जे शाखा, भक्तपुर	३४.	लिवाङ शाखा, रोल्पा	५६.	हापुरे शाखा, दाङ	७८	कमलामाई शाखा, सिन्धुली
१३.	भकुण्डेबेसी शाखा, काभ्रेपलाञ्चोक	३५.	धनवाङ शाखा, सल्यान	५७.	भवानीपुर शाखा, बाके	७९	बाहुनी शाखा, मोरङ्ग
१४.	बाह्रविसे शाखा, सिन्धुपाल्चोक	३६.	मुसीकोट शाखा, रुकुम	५८.	मैनापुर शाखा, बर्दिया	८०	धनुषाधाम शाखा, धनुषा
१५.	किर्ने शाखा, दोलखा	३७.	सार्फे बगर शाखा, अछाम	५९.	वैनिया शाखा, कैलाली	८१	मलाही शाखा, रौटहत
१६.	बालग्राम शाखा, सुनसरी	३८.	समुहगाड शाखा, डोटी	६०.	सुडा शाखा, कञ्चनपुर	८२	बाल्कुल शाखा, रौटहत
१७.	जगतपुर शाखा, सप्तरी	३९.	मेहलकुना शाखा, सुर्खेत	६१.	झिलझिले शाखा, झापा	८३	पकहमैनपुर शाखा, पर्सा
१८.	असनपुर शाखा, सिराहा	४०.	गाउँशहर शाखा, लमजुङ	६२.	गञ्जभवानीपुर शाखा, बारा	८४	बेलतरी शाखा, नवलपरासी
१९.	जब्दी शाखा, सर्लाही	४१.	बयरघारी शाखा, स्याङ्जा	६३.	सेढवा शाखा, पर्सा	८५	फर्साटिकर शाखा, रुपन्देही
२०.	मनमैजु शाखा, काठमाण्डौ	४२.	तेल्घा शाखा, पाल्पा	६४.	खरेन्द्रपुर शाखा, कपिलवस्तु	८६	बेलौरी शाखा, कञ्चनपुर
२१.	मधवलीया शाखा, रुपन्देही	४३.	हर्दिनेटा शाखा, गुल्मी	६५.	बनगाँउ शाखा, दाङ		
२२.	दुवागढी शाखा, झापा	४४.	बञ्जरिया शाखा, बारा	६६.	खजुरा शाखा, बाँके		

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

वित्तीय संस्थाको संक्षिप्त इतिहास : मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड नेपालमा स्थापित सीमित दायित्व भएको लघुवित्त वित्तीय संस्था हो । यसको रजिस्टर्ड कार्यालय विदुर न.पा. वडा नं. ४, बट्टार, नुवाकोटमा रहेको छ । यस लघुवित्त वित्तीय संस्थाले मिति २०६९ साल आश्विन २४ गते नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति पत्र प्राप्त गरी मिति २०६९ साल कार्तिक २६ गते कम्पनी रजिस्ट्रारको कार्यालयबाट कम्पनी दर्ताको प्रमाणपत्र प्राप्त गरेको छ । लघुवित्त वित्तीय संस्थाले मिति २०७० आषाढ ३० गते नेपाल राष्ट्र बैंकबाट र २०७० आषाढ ३१ गते कम्पनी रजिस्ट्रारको कार्यालयबाट कारोबार सञ्चालन गर्ने ईजाजत प्राप्त गरेकोमा मिति २०७० श्रावण ३ गतेबाट कारोबार सञ्चालनमा ल्याएको हो । मिति २०७५ कार्तिक मसान्तसम्ममा यसको १ कर्पोरेट कार्यालय, १ सम्पर्क कार्यालय र ८६ शाखा कार्यालयहरू रहेका छन् ।

वित्तीय संस्थाको मुख्य उद्देश्यहरु : यस लघुवित्त वित्तीय संस्थाको प्रवन्ध पत्र तथा नियमावलीको दफा ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) लघुवित्त वित्तीय संस्थाको निक्षेपकर्ताको हक हित संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सेवा उपलब्ध गराउने ।
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने ।
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने कार्यका लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।
(घ) लघुवित्त सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने ।
(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने र
(च) आफ्ना ग्राहक सदस्यहरूको हितका लागि संस्थागत विमा अभिकर्ता (Corporate Insurance Agent) भई वीमा सम्बन्धी कार्य गर्ने ।

५. शेयर पूँजीको संरचना :

(क) **अधिकृत पूँजीः** यस लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रू.१,००,००,००,०००/- (अक्षरेपी एक अरब मात्र) रहेको छ । जसलाई प्रति शेयर रू.१००/- का दरले जम्मा १,००,००,०००/- (एक करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
(ख) **जारी पूँजीः** यस लघुवित्त वित्तीय संस्थाको जारी पूँजी रू.६५,७८,००,०००/- (अक्षरेपी पैसठ्ठी करोड अठहत्तर लाख मात्र) रहेको छ । जसलाई प्रति शेयर रू.१००/- का दरले जम्मा ६५,७८,००० (पैसठ्ठी लाख अठहत्तर हजार मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
(ग) **चुक्ता पूँजीः** हाल यस लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी रू.३२,८९,००,०००/- (अक्षरेपी बत्तिस करोड उनानब्बे लाख मात्र) रहेको छ । जसलाई प्रति शेयर रू.१००/- का दरले जम्मा ३२,८९,००० (बत्तिस लाख उनानब्बे हजार मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी रू.६५,७८,००,०००/- (अक्षरेपी पैसठ्ठी करोड अठहत्तर लाख मात्र) हुनेछ ।

६. हकप्रद शेयर निष्कासन गरि बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचनाः

समूह	शेयरधनी	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भूक्तानी प्रतिशत
"क"	संस्थापक शेयरधनीहरू	४५,६५,१३२	४५,६५,१३,२००	६९.४०%	शतप्रतिशत
"ख"	सर्वसाधारण शेयरधनीहरू (कर्मचारीहरू समेत)	२०,१२,८६८	२०,१२,८६,८००	३०.६०%	शतप्रतिशत
	जम्मा	६५,७८,०००	६५,७८,००,०००	१००%	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

वित्तीय संस्थाको संचालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

सि.नं	नाम	पद	शैक्षिक योग्यता	उमेर	अनुभव
१.	श्री सन्जिब मानन्धर (प्रतिनिधिः प्राईम कमर्सियल बैंक लिमिटेड) -(संस्थापक समूह)	अध्यक्ष	सि.ए.	४५	• विगत ११ वर्षदेखि प्राइम कमर्सियल बैंक लि.मा महाप्रबन्धकको रुपमा कार्यरत • राष्ट्रिय वाणिज्य बैंक लि.मा ४ वर्षको व्यवस्थापन तहको कार्य अनुभव • प्रमुख आन्तरिक लेखा परीक्षकको रुपमा नेपाल इन्भेष्टमेन्ट बैंक लि. ३ वर्षको कार्यानुभव • नेपाल दुर सञ्चारमा वित्त प्रबन्धकको रुपमा १ वर्षको कार्यानुभव • Borar and Co., New Delhi मा Internship को रुपमा ३ वर्षको कार्यानुभव ।
२.	श्री पृथ्वी नारायण श्रेष्ठ (प्रतिनिधिः जनता बैंक नेपाल लिमिटेड) -(संस्थापक समूह)	सञ्चालक	स्नातकोत्तर	५०	• जनता बैंक नेपाल लि. मा विगत ५ वर्षदेखि नायब प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत • सेन्चुरी कर्मशियल बैंक लि. मा ३ वर्षको कार्यानुभव • जनता बैंक नेपाल लि. मा १ वर्षको कार्यानुभव • माछापुच्छ्रे बैंक लि. मा ९ वर्षको कार्यानुभव • तत्कालिन बैंक अफ सिलोनमा २ वर्षको कार्यानुभव • तत्कालिन ग्रिलेज बैंक लि. मा ६ वर्षको कार्यानुभव • NGO मा १ वर्षको कार्यानुभव • महालेखा परीक्षकको कार्यालयमा २ वर्षको कार्यानुभव ।
३.	श्री राजा अर्याल (प्रतिनिधिः ग्लोबल आइएमई बैंक लि.) -(संस्थापक समूह)	सञ्चालक	स्नातकोत्तर	४१	• विगत ११ वर्षदेखि ग्लोबल आइएमई बैंक लिमिटेडको विभिन्न पदमा कार्यरत हाल मुख्य प्रबन्धकको रुपमा कार्यरत • नेपाल बैंक लि. मा करिब २ वर्षको कार्यानुभव ।
४.	श्री सजना मानन्धर (प्रतिनिधिः देवः विकास बैंक लि.) -(संस्थापक समूह)	सञ्चालक	स्नातकोत्तर	४८	• विगत १२ वर्षदेखि देवः विकास बैंक लिमिटेडको विभिन्न पदमा कार्यरत हाल विभागिय प्रमुखको रुपमा कार्यरत • हायत रेजेन्सी होटलमा ६ वर्षको कार्यानुभव ।
५.	श्री बद्री प्रसाद पुडासैनी (प्रतिनिधिः सर्वसाधारण समूह)	सञ्चालक	स्नातक	३९	• बिगत १५ वर्षदेखि जोतिश सेवा तथा परामर्स ब्यवसाय सञ्चालन ।
६	श्री सुमित बाबु खत्री (प्रतिनिधिः स्वतन्त्र)	सञ्चालक	स्नातकोत्तर	३८	• सिटिजन्स बैंक ईन्टरनेसनल लि.मा १० वर्षको कार्यानुभव • तत्कालिन DCBL बैंक लि. मा ७ वर्षको कार्यानुभव ।

नोटः सर्वसाधारणबाट निर्वाचित १ (एक) जना सञ्चालकले राजिनामा दिनु भएको हुनाले उक्त पद हाल रिक्त रहेको ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः

नाम : रामहरि दाहाल
ठेगाना : जिलिङ्ग-३, नुवाकोट
शैक्षिक योग्यता : स्नातकोत्तर
अनुभव : एक (१) वर्ष शिक्षण पेशामा संलग्न । डिप्रोक्स नेपाल लघुवित्त कार्यक्रममा १९ वर्षसम्म विभिन्न पदमा कार्यरत भई सहायक महाप्रबन्धक पदबाट अवकास प्राप्त । विगत ४ वर्षदेखि मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. मा कार्यरत ।

८. संचालक समितिको बनौट :

यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरू रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :

(क) समूहका संस्थापक शेयरधनीहरूको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरू	४ जना
(ख) समूहका सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरू	२ जना
(ग) सञ्चालक समितिको सिफारिसमा साधारण सभाबाट नियुक्त स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	**७ जना**

यस लघुवित्त वित्तिय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा यस वित्तीय संस्थाको न्यूनतम १०० कित्ता शेयर लिएको हुनु पर्नेछ यस्तो शेयर बन्धकमा रहेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक, स्वतन्त्र सञ्चालक, तथा बैकल्पिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुनेछैन ।

९. निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजी रू.३२,८९,००,०००/- को एक शेयर बराबर नयाँ एक शेयर (१ : १) (अर्थात् विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता शेयर) को अनुपातमा साविकका शेयरधनीहरूको लागि रू.३२,८९,००,०००/- बराबरको प्रति शेयर रू.१००/- अंकित दरका ३२,८९,००० कित्ता हकप्रद शेयर निष्कासन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरूले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर नयाँ एक शेयर (१ : १) को अनुपातमा प्रति शेयर रू.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरूको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरूले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरूको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार सञ्चालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तैः शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गर्नेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरूको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरूबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई कम्पनीको सञ्चालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरूलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरूको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. लघुवित्त वित्तीय संस्थाको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रु.हजारमा)

पूँजी तथा दायित्व	वास्तविक			(अपरिस्कृत)* आश्विन मसान्तसम्मको	प्रक्षेपित**		
	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	२०७५/७६	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आ.ब. २०७७/०७८
१. शेयर पूँजी	२,२०,०००	२,८६,०००	३,२८,९००	३,२८,९००	७,२३,५८०	८,३२,११७	९,५६,९३४
२. जगेडा तथा कोषहरू	७७,९६६	७८,९५३	९७,८०४	१,०४,१७४	१,२५,९१२	१,५२,९४६	२,२६,८२६
३. ऋणपत्र तथा बन्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	१४,८४,०४९	१७,३१,००२	२५,३२,५६१	२,१६,७१,२६५	२९,११,७१६	३६,०९,६६६	४,३७,६४,४०४
५. निक्षेप दायित्व	२,४७,८८३	४,९९,५५३	७,८३,७९२	८,४९,५००	११,४२,७८६	१४,८३,४२५	१,८८,४९९
६. भुक्तानी दिनुपर्ने बिलहरू	-	-	-	-	३८,०८७	४३,७७७	५०,३४३
७. प्रस्तावित नगद लाभांश	२०,०००	२६,६३२	३२,३६३	-			
८. आयकर दायित्व	-	-	१,३३५	४२,११२	२,९६३	३,९५९	५,४६१
९. अन्य दायित्व	३३,६५३	६४,६६०	१,००,७४५	२,८४,६४०	१,२४,७९२	१,५८,१४५	१,९९,३८०
कूल दायित्व	२०,८३,५५१	२६,८६,८००	३८,७७,५०१	४२,८०,५९०	५०,६९,८३६	६२,८४,०३५	७६,९९,८४७

सम्पत्ति	वास्तविक			(अपरिस्कृत)* आश्विन मसान्तसम्मको	प्रक्षेपित**		
	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	२०७५/७६	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आ.ब. २०७७/०७८
१. नगद मौज्दात	८७	९१०	१,१३७	१,१४१	१,४२१	२,५५६	४,२९६
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-	-	-	-	-	-
३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात	३९,७८७	५६,०७४	१,०५,२५२	-	१,४५,२४७	१,५२,५१०	१,८६,०६२
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	६,८७,६४३	१९७६०३	३,३४,३०८	४,३५,९५५	४,७३,४१३	५,७७,८०१	७,१७,१०९
५. लगानी	-	२,०००	२,०००	२,०००	२,०००	२,०००	२,०००
६. कर्जा, सापट तथा बिल खरीद	१३,२०,५३९	२३,७८,९९०	३३,५६,८३०	३६,४९,०२४	४३,६२,०७१	५४,५३,५४१	६६,८१,८२७
७. स्थिर सम्पत्ति	२१,६६०	३२,८०१	३३,९४७	६०,५०८	३१,८३०	३०,९६४	३०,९९५
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	१३,८३५	१८,४२१	४४,०२७	१,३१,९६२	५३,८५२	६४,६६३	७७,५५८
कूल सम्पत्ति	२०,८३,५५१	२६,८६,८००	२८,७७,५०१	४२,८०,५९०	५०,६९,८३६	६२,८४,०३५	७६,९९,८४७

नाफा-नोक्सान हिसाब

(रु.हजारमा)

विवरण	वास्तविक			(अपरिस्कृत)* आश्विन मसान्तसम्मको	प्रक्षेपित**		
	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	२०७५/७६	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आ.ब. २०७७/०७८
१. व्याज आम्दानी	२,३७,२८०	३,४४,५०३	५,००,२५६	१,५१,११२	७,२६,९२४	९,०७,९५६	११,३६,७०९
२. व्याज खर्च	६५,८२४	१,३६,००६	२,६१,४६३	८०,१९४	३,५६,६०८	४,४६,७५८	५,४७,६७३
खुद व्याज आम्दानी	१,७१,४५६	२,०८,४९७	२,३८,७९३	७०,९१८	३,७०,३१६	४,६१,१९८	५,८९,०३५
३. कमिशन तथा डिस्काउण्ट	४०,८५८	७४,६९२	१,०५,५८४	३३,४३८	७६,९१८	९६,१४८	१,१७,७८१
४. अन्य सञ्चालन आम्दानी	-	-	-	-	-	-	-
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कूल सञ्चालन आम्दानी	२,१२,३१३	२,८३,१८९	३,४४,३७८	१,०४,३५६	४,४७,२३४	५,५७,३४६	७,०६,८१७
६. कर्मचारी खर्च	५७,७०३	८६,४१५	१,३६,६७९	४१,०९८	१,६४,१५६	१,९४,८४७	२,२८,६०६
७. अन्य सञ्चालन खर्च	३०,००६	४४,३१२	५४,९५०	१६,५१५	६०,६४६	६४,७९०	६९,८२१
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा	१,२४,६०५	१,५२,४६२	१,५२,७४८	४६,७४२	२,२२,४३२	२,९७,७१०	४,०८,३८९
९. सम्भावित नोक्सानी व्यवस्थाहरू	५,७७८	६,३८९	३,८२१	४,२२६	५,१३३	७,३६३	७,९०१
सञ्चालन मुनाफा	१,१८,८२७	१,४६,०७३	१,४८,९२७	४२,५१७	२,१७,२९९	२,९०,३४७	४,००,४८९
१०. गैर संचालन आम्दानी/(खर्च)	-	-	-	-	-	-	-
११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	-	-	-	५४८	-	-	-
नियमित कारोबारबाट भएको मुनाफा	१,१८,८२७	१,४६,०७३	१,४८,९२७	४३,०६४	२,१७,२९९	२,९०,३४७	४,००,४८९
१२. असामान्य कारोबारहरूबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-	-
सम्पूर्ण कारोबार समावेश पछिको खूद मुनाफा	१,१८,८२७	१,४६,०७३	१,४८,९२७	४३,०६४	२,१७,२९९	२,९०,३४७	४,००,४८९
१३. कर्मचारी बोनस व्यवस्था	१०,८०३	१३,२७९	१३,५३९	३,९१५	१९,७५४	२६,३९५	३६,४०८
१४. आयकर व्यवस्था	-	-	-	-	-	-	-
यस वर्षको कर व्यवस्था	३३,१३३	४०,६३१	४२,११२	११,७४५	५९,२६३	७९,१८६	१,०९,२२४
विगत वर्षसम्मको कर व्यवस्था	-	-	-	-	-	-	-
यस वर्षको स्थगन कर (आम्दानी) / खर्च	(५६८)	(१,४५६)	(१,३२३)	-	(६५२)	(७८२)	(९३९)
खुद नाफा/नोक्सान	७५,४५९	९३,६१९	९४,५९९	२७,४०५	१,३८,९३३	१,८५,५४८	२,५५,७९५
शेयर संख्या (हजारमा)	२,२००	२,८६०	३,२८९	३,२८९	७,२३६	८,३२१	९,५६९
प्रति शेयर आम्दानी (रू.)	३४	३३	२९	-	१९	२२	२७

नेटवर्थ सम्बन्धी विवरण

(रु.हजारमा)

सम्पत्ति	वास्तविक			(अपरिस्कृत)* आश्विन मसान्तसम्मको	प्रक्षेपित**		
	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	२०७५/७६	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आ.ब. २०७७/०७८
चुक्ता पूँजी (हजारमा)	२,२०,०००	२,८६,०००	३,२८,९००	३,२८,९००	७,२३,५८०	८,३२,११७	९,५६,९३४
जगेडा, कोष तथा संचित नाफा (हजारमा)	७७,९६६	७८,९५३	९७,८०४	१,०४,१७४	१,२५,९१२	१,५२,९४६	२,२६,८२६
जम्मा	२९७,९६६	३६४,९५३	४२६,७०४	३२८,९००	७२३,५८०	८३२,११७	९५६,९३४
जम्मा (नेटवर्थ)	२९७,९६६	३६४,९५३	४२६,७०४	३२८,९००	७२३,५८०	८३२,११७	९५६,९३४
शेयर संख्या (हजारमा)	२,२००	२,८६०	३,२८९	३,२८९	७,२३६	८,३२१	९,५६९
प्रति शेयर नेटवर्थ (रु.)	१३५.४४	१२७.६१	१२९.७४	१३१.६८	११७.४०	११८.३८	१२३.७०
नेटवर्थमा प्रतिफल प्रतिशत	२५.३२	२५.६५	२२.१७	-	१६.३५	१८.८४	२१.६१
नेटवर्थमा औषत प्रतिफल प्रतिशत		२४.३८%		-		१८.९३%	
निष्कासन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल (Minimum Return on Increased Networth Required to Maintain Pre Issue (EPS)				= २५.३४%			

नोटः *व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।
** प्रक्षेपित वित्तीय विवरण लघु वित्त वित्तीय संस्था आफैले तयार पारेको र सो विवरण यर्थाथपरक रहेको भनी प्रमाणित गर्ने विज्ञमा एफ.सि.ए.सुब्रत ढकाल, एमविएसडि एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट संस्था, भगवतिबहाल, नक्साल, काठमाण्डौ रहेको छ ।

१४. वित्तीय संस्थाले गर्ने भएको काममा नीहित सम्भावित जोखिमहरु :

(क) विद्यमान लघु वित्त वित्तीय संस्थाहरू र नयाँ लघु वित्त वित्तीय संस्थाहरूको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरू ।
(ख) लघु वित्त वित्तिय संस्थाले प्रदान गरेको कर्जा खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरू ।
(ग) देशको मौद्रिक नीति तथा नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृर्जना हुन सक्ने सम्भावित जोखिमहरू ।
(घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरू ।
(ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरू ।
(च) देशको बैदेशिक ब्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरू ।
(छ) निक्षेपको ब्याज दरमा आउने परिवर्तनबाट उत्पन्न हुनसक्ने जोखिमहरू ।
(ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरू ।
(झ) नेपाल सरकार तथा बीमा समितिको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरू ।
(ञ) अन्य अप्रत्याशित घटनाबाट सृजना हुन सक्ने जोखिमहरू ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रू.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

सम्भावित आर्थिक जोखिमहरूलाई न्यूनीकरण गर्न ब्यबस्थापनले निम्न उपायहरू अवलम्बन गर्दै जानेछ ।
लघुवित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरूको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यवस्था गरेको छ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरूबाट सिर्जना हुन सक्ने नोक्सानीको लागि ब्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पधि बनाई उपभोक्तामुखि सेवाहरू प्रदान गरी मध्यकालिन तथा दिर्घकालिन कर्जा सापटीहरू खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि लघुवित्त वित्तीय संस्थाले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरू न्यूनिकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समय अनुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरूको निर्माण एंव समय अनुसार आफ्नो सेवा तथा सुविधाहरूमा परिवर्तन गर्दै लाने नीति लघुवित्त वित्तीय संस्थाको रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरूले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउनेछन् ।
(२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
(३) हकप्रद शेयर खरिदका लागि दिइने आवेदन फाराममा देहायका विवरण खुलाउनु पर्नेछ ।
  (क) आवेदकको पूरा नाम नेपाली तथा अङ्ग्रेजी दुवैमा उल्लेख गर्नुपर्नेछ ।
  (ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम उल्लेख गर्नुपर्नेछ ।
  (ग) आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम उल्लेख गर्नुपर्नेछ ।
  (घ) आवेदकको स्थायी ठेगाना उल्लेख गर्नुपर्नेछ ।
  (ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोवाइल नम्बर उल्लेख गर्नुपर्नेछ ।
  (च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
  (छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
  (ज) आवेदकले लिन चाहेको शेयर सङ्ख्या तथा सो वापत जम्मा गरेको रकम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
  (झ) आवेदकको हस्ताक्षर (नाबालकको हकमा अभिभावकको हस्ताक्षर) हुनुपर्ने ।
  (ञ) आवेदन फाराम बुझाएको सङ्कलन केन्द्रको नाम तथा ठेगाना उल्लेख गर्नुपर्नेछ ।
  (ट) आवेदन फाराम बुझाएको मिति उल्लेख गर्नुपर्नेछ ।
(४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रू.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरू वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
(५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरूले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
(६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
(७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरूले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
(८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा लघु वित्त वित्तीय संस्थाको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
(९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरूलाई नीजहरूले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरूले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रूपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१६. यस वित्तीय संस्थाको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्यूनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रू.)	शेयर कारोबार संख्या (हजारमा)
०७२/०७३	सूचिकरण भइनसकेको ।			
०७३/०७४	३,०८५	१,०९५	२,२२९	९१,८४६
०७४/०७५	१,३५२	१,००२	१,०८०	६७,२३८

महिना	अधिकतम शेयर मूल्य (रु)	न्यूनतम शेयर मूल्य (रु)	अन्तिम बजार मूल्य (रु)	शेयर कारोबार संख्या (हजारमा)
२०७५ कार्तिक	१,०७०	९९०	९९४	९,३१०
२०७५ मंसिर	१,०४०	८७६	९३५	६,९१८
२०७५ पुष	१,०८६	९३५	१,०७१	१०३१०

द्रष्टव्यः यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँट गरी अभौतिक (Demat) रूपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. धितोपत्र सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।
(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यवस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यवस्था गरिएको,
(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,
(छ) हक हस्तान्तरण आंशिक वा पुरैको लागि निवेदन दिँदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।
(ज) हक हस्तान्तरणको लागि मनोनयन गर्दा एक ब्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।
(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर अन्य ब्यक्तिलाई मनोनयन गरी हस्तान्तरण गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरिद पाउने छैन ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

(१) कम्पनीको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप मिति २०७५/०७/०९ गते सम्पन्न छैटौं बार्षिक साधारण सभाबाट एक शेयर बराबर नयाँ एक शेयर (१ : १) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
(२) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
(३) कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरू अनुरुप गर्नुपर्ने कार्यहरूको लागि कम्पनीको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र कम्पनीको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

२१. हकप्रद निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

हकप्रद शेयर निष्कासनबाट प्राप्त रकम निम्न बमोजिम उपयोग गरिनेछ :

विवरण	रकम (रु.)
१. लगानी अभिबृद्धि	३१,४५,२१,७५०.००
२. भौतिक पूर्वाधार तथा शाखा विस्तार	१,४३,७८,२५०.००
जम्मा	३२,८९,००,०००.००

२२. निष्कासन बैंक (बैंकर टु द ईस्यु) सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाण्डौ ।	०१०१०१०००७६२७
२.	श्री कुमारी बैंक लिमिटेड, दरबारमार्ग, काठमाण्डौ ।	००१००१७१४६००००१९
३.	श्री सिभिल बैंक लिमिटेड, सिटिसि मल, सुन्धारा, काठमाण्डौ	००२१००७६२३४२२६

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौ ।**
२.	श्री मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको रजिर्ष्टर्ड कार्यालय तथा शाखा कार्यालयहरुः १. बट्टार शाखा, नुवाकोट, २. मुरलीभञ्ज्याङ्ग शाखा, धादिङ्ग, ३. मंगलपुर शाखा, चितवन, ४. बस्तीपुर शाखा, मकवानपुर, ५. रामगढवा शाखा, पर्सा, ६. किर्ने शाखा, दोलखा, ७. बालग्राम शाखा, सुनसरी, ८. जगतपुर शाखा, सप्तरी, ९. दुवागढी शाखा, झापा, १०. डुमरीया शाखा, रौतहट, ११. रामपुर्वा शाखा, बारा, १२. लिवाङ शाखा, रोल्पा, १३. धनवाङ शाखा, सल्यान, १४. मुसीकोट शाखा, रुकुम, १५. फरसातिकर शाखा, रुपन्देही, १६. सार्फे बगर शाखा, अछाम, १७. मेहलकुना शाखा, सुर्खेत, १८. गाउँशहर शाखा, लमजुङ, १९. बञ्जरिया शाखा, बारा, २०. लालगढ शाखा, धनुषा, २१. औरही शाखा, महोत्तरी, २२. सोल्टीबजार शाखा, सर्लाही, २३. भानु शाखा, तनहुँ, २४. हापुरे शाखा, दाङ, २५. भवानीपुर शाखा, बाके, २६. मैनापुर शाखा, बर्दिया, २७. बनगाँउ शाखा, दाङ, २८. खजुरा शाखा, बाँके, २९. बोदेवर्साईं शाखा, सप्तरी, ३०. धनुषाधाम शाखा, धनुषा ।
३.	सि-आश्वाको सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाहरुबाट सि-आश्वा प्रणाली मार्फत हकप्रद शेयर भर्न सकिने ।

**चेकबाट मात्र दरखास्त बुझिलिने व्यवस्था गरिएको छ ।

उपरोक्त स्थानहरूको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरूले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अधिको मितिसम्ममा ग्लोबल आइएमई क्यापीटल लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी ग्लोबल आइएमई क्यापीटल लि., जमल, काठमाण्डौमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि-आस्वा सेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरूमा समेत सि-आस्वा प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिनेछैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. को वेवसाइट www.meromicrofinance.com वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक ग्लोबल आइएमई क्यापीटल लि. को वेवसाइट www.globalimecapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरूले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. को वेवसाइट www.meromicrofinance.com तथा निष्कासन तथा बिक्री प्रबन्धकको वेवसाइट www.globalimecapital.com बाट हेर्न सकिनेछ ।

२५. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरू" अनुसार निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "ईक्रा एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ । "ईक्रा एनपि आईपिओ ग्रेड ४+" ले औसत भन्दा तलका (Below-Average Fundamentals) आधारहरू जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरू जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

२६. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस लघुवित्त वित्तीय संस्थाकोको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु. २२,८२,७३,६००/- रकम भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं ।

यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमइ क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्त फारामको नमूना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :
निष्कासन खुल्ला मिति : २०७५/११/१९ गते
निष्कासन बन्द हुने मिति : २०७५/१२/२४ गते (बैंकिङ्ग समय पश्चात्)

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्य क्षेत्र भएको)
कर्पोरेट कार्यालय, बिदुर न.पा.-४ बट्टार, नुवाकोट, नेपाल, फोनः ९७७-१०-५६१७४७
सम्पर्क कार्यालय, ज्वागल, कुपण्डोल, ललितपुर, फोनः ९७७-०१-५५२७५७९/५५२८१३६ फ्याक्सः ९७७-०१-५५२८१३६-११४
इमेल : meromicrofinance@gmail.com, वेभसाईटः www.meromicrofinance.com

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

को

हकप्रद शेयर खरीद दरखास्त फाराम

मार्फतः Global IME Capital Limited
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

सि.नं.
कोड नं. ☐☐☐

श्री संचालक समिति,
मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
विदुर-४, बट्टार, नुवाकोट, नेपाल ।

हितग्राही खाता नं. DP ID ☐☐☐☐☐☐☐☐☐☐ CLIENT ID ☐☐☐☐☐☐☐☐☐☐

महाशय,
शेयरधनी नं. ☐

त्यस वित्तीय संस्थाबाट प्रकाशित "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७५/१०/२३ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस वित्तीय संस्थाको जम्मा (भौतिक/अभौतिक) ………… कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा वित्तीय संस्थाले जारी गरेको १ शेयर बराबर नयाँ १ (१ : १) को अनुपातमा …………… कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा …………… कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक)………… कित्ता गरि जम्मा………कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस वित्तीय संस्थाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हकहस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.

प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७५/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक	
	In English	Mr./Mrs./Miss/Minor	USE CAPITAL LETTER

ठेगाना	घर नं./वडा नं.		टोल	गाउं पालिका/न.पा.		जिल्ला	
Address	House No./Ward no		Tole	Rural Municipality/Municipality		District	

सम्पर्क ठेगाना
PAN No. / Phone No. / Mobile No.
ना.प्र.प.नं./जारी स्थान / Email ID
बाबुको नाम
Father's Name
बाजेको नाम
Grand Father's Name
पति/पत्नीको नाम
संरक्षकको नाम (नाबालकको हकमा)
Guardian's Name (Incase of minor)

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन गरेको होइन । साथै मैले/हामीले यस दरखास्त फाराममा खुलाइएको विवरण साँचो हो । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

द्रष्टव्यः
१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।
४. आफ्नो हक हस्तान्तरण (Renounce) गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अनुसूची ११ को ढाँचा बमोजिमको निवेदन दरखास्त फारामका साथ संलग्न गरि हकप्रद शेयर निष्काशन अवधीभित्र शेयर रजिष्ट्रारको कार्यालय ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा सम्पर्क राखी उक्त शेयरको हक हस्तान्तरण (Renounce) गर्न सक्नेछन् ।
५. यस दरखास्त फाराममा माग गरिएका सम्पूर्ण विवरणहरु पूर्ण रुपले नेपाली तथा अंग्रेजी दुवै भाषामा भर्नु पर्नेछ ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

मार्फतः Global IME Capital Limited
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.
शेयरधनी नं./परिचय नं. ☐

Applicant's Name					
Company's Name	MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only:
चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।
Received by: Shareholder No. ☐ DP ID ☐☐☐☐☐☐☐☐
Date: Stamp Code No. ☐☐☐ CLIENT ID ☐☐☐☐☐☐☐☐

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

बाँडफाँडमा नपरेको हकप्रद साधारण शेयरको रकम फिर्ता भुक्तानी लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US
पोष्ट बक्स नं. २१५९९,
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com